२०८०

शिक्षक पेसागत विकास तालिम पाठ्यक्रम

नेपाली

माध्यमिक तह (९-१०) दोस्रो चरण

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

विषयसूची

क्र. स.	विषयवस्तु	पृष्ठ सङ्ख्या
१	परिचय	१
२	तालिमको लक्ष्य तथा उद्देश्य	१
३	तालिमको सक्षमता	२
४	तालिम संरचना	२
५	तालिमको विषयवस्तु	३
६	तालिम कार्यान्वयन कार्यविधि	६
७	तालिम मूल्याङ्कन	७
८	परियोजना कार्य	८

१. परिचय

नेपाली भाषा विद्यालय तहमा पठनपाठनको माध्यम भाषा हो । माध्यमिक तहमा नेपाली भाषा शिक्षणका सक्षमताहरू मौखिक, लिखित एवम् सञ्चार माध्यमबाट प्रसारण हुने विषयवस्तुको बोध र अभिव्यक्ति, पाठगत सन्दर्भको पहिचान तथा घटना, चरित्र र परिवेशको बोध र प्रस्तुति, सामाजिक, सांस्कृतिक तथा व्यावहारिक अभिव्यक्तिमा आधारित लेखन, भाषिक कार्य सम्पादनमा कल्पनात्मक, अनुमानात्मक, तार्किक, अन्तरक्रियात्मक, सिर्जनात्मक र समालोचनात्मक सिपको उपयोग गरी भाषिक दक्षता अभिवृद्धि गर्नु हो । तसर्थ उल्लिखित पक्षको सिकाइ क्षमता विकासका लागि बालबालिकालाई नेपाली भाषका सुनाइ, बोलाइ, पढाइ र लेखाइका एकीकृत कार्यकलाप गराउनु आवश्यक छ । यसबाट शिक्षकलाई आफूले आर्जन गरेका शिक्षणसँग सम्बन्धित ज्ञान, सिप र कौशलतालाई प्रभावकारी रूपमा प्रदर्शन गरी पाठ्यक्रमका अपेक्षित सक्षमता हासिल गर्न तथा विद्यार्थीको बोध तथा अभिव्यक्ति क्षमता विकास गर्न सहयोग पुर्याउने अपेक्षा गरिएको छ ।

२. तालिमको लक्ष्य तथा उद्देश्य

माध्यमिक तहको नेपाली भाषा शिक्षणमा संलग्न शिक्षकहरूलाई नेपाली भाषा शिक्षण गर्दा अपनाउने क्रियाकलापका माध्यमबाट नेपाली भाषा शिक्षण गर्दा आउने समस्याहरूलाई सहजीकरणसहित विद्यार्थीहरूको सिकाइ उपलब्धिमा बढोत्तरी गराउने लक्ष्य रहेको छ ।

तालिमका विषयवस्तु, सहजीकरण विधि र अभ्यासमार्फत सहभागीहरूमा देहायनुसारका उद्देश्य प्राप्ति हुने अपेक्षा गरिएको छः

- पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाको प्रयोगसहित शिक्षण गर्न

- भाषिक सिप विकासका लागि विधाका क्षेत्रहरूको उपयोग गरी शिक्षण गर्ने
- कार्यमूलक व्याकरण, वर्णविन्यास र भाषिक प्रकार्यका शिक्षणका आधारभूत विधिको पहिचान गरी शिक्षण सिकाइमा प्रयोग गर्ने
- आन्तरिक मूल्याङ्कनका विभिन्न पद्धति र साधनहरूको उपयोग गरी मूल्याङ्कनमा देखिने समस्याका समाधानसहित मूल्याङ्कन गर्ने
- शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरूको प्रयोग गर्ने

३. तालिम सक्षमता

तालिमपश्चात् शिक्षकहरूमा निम्नअनुसारका सक्षमता विकास हुने छन्ः

- पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको संयोजित प्रयोगसहितको शिक्षण
- बोध तथा अभिव्यक्तिगत सिप विकासका लागि विधाको उपयोग
- कार्यमूलक पद्धतिबाट व्याकरण शिक्षणका आधारभूत पक्षको पहिचान र प्रयोग
- भाषिक व्यवहारमा प्रकार्यको उपयोग
- समावेशी अवधारणामा आधारित कक्षाकोठा व्यवस्थापन
- नेपाली भाषा शिक्षणमा सूचना प्र्रविधिको प्रयोग
- प्रयोगात्मक तथा खोज कार्यको उपयोग
- भाषा शिक्षकका पेसागत विकासका मूलभूत पक्षहरूको उपयोग

४ तालिम संरचना

क. यो तालिम १५ दिन अवधिको हुने छ । यसको पहिलो खण्ड १० दिनको तालिम कार्यशाला ढाँचामा आमनेसामने पद्धतिबाट प्रदेश शिक्षा तालिम केन्द्रमा सञ्चालन हुने छ । यसको दोस्रो खण्ड पाँच दिन अवधिको स्वाध्यायन अभ्यास ढाँचामा आधारित हुने छ ।

ख. दोस्रो खण्डअन्तर्गत प्रशिक्षार्थीले आफू कार्यरत विद्यालयमा आधारित भई ४५ दिनभित्र चार ओटा परियोजना कार्य सम्पन्न गरिसक्नुपर्ने छ । परियोजना कार्यको सबै प्रतिवेदन पहिलो खण्डको तालिम सम्पन्न भएको ५२ दिनभित्र सम्बन्धित शिक्षा तालिम केन्द्रमा अनिवार्य रूपमा पेस गर्नुपर्ने छ । यसमा मूलतः १० दिने तालिम कार्यशाला खण्डमा सिकाइएका सैद्धान्तिक ज्ञान तथा सिपको व्यावहारिक प्रयोग एवम् प्रशिक्षार्थीको सिर्जनात्मक र प्रवर्तनात्मक क्षमता प्रदर्शन गर्न उपयुक्त परियोजना कार्य तोकिने छ ।

५ तालिमको विषयवस्तु

क्र.सं.	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	पाठघण्टा
१	पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको प्रयोग अध्ययन	• पाठ्यक्रमका तत्त्व र प्रयोग (सक्षमता र सिकाइ उपलब्धि, क्षेत्र र क्रम, सहजीकरण र मूल्याङ्कन) • भाषा पाठ्यपुस्तकको प्रयोग • पाठ्यक्रमका आधारमा पाठको छनोट र स्तरणको अवस्था • पाठ, विषयवस्तु, सिपगत प्रस्तुति र अभ्यास • शिक्षक निर्देशिकाको प्रयोग	१
२	आख्यानात्मक पाठ शिक्षण	• आख्यानात्मक पाठ र भाषिक सिप विकास • आख्यानात्मक पाठ शिक्षणका साधन र प्रयोग • आख्यानात्मक पाठका क्रियाकलाप र समालोचनात्मक सिपको उपयोग (अनुमान, संरचना, प्रश्न निर्माण, प्रश्नोत्तर, भावबोध, घटना पहिचान, घटना वर्णन, सारांश वर्णन, पात्र वर्णन)	३
३	लयबद्ध पाठ शिक्षण	• लयबद्ध पाठ र भाषिक सिप विकास • लयबद्ध पाठ शिक्षणका साधन र प्रयोग • लयबद्ध पाठका क्रियाकलाप र समालोचनात्मक सिपको उपयोग (लय पहिचान, लयबोध,	२

		गद्यान्तरण, भावबोध, प्रश्ननिर्माण, प्रश्नोत्तर, पाठगत संरचना पहिचान)	
४	जीवनीपरक पाठ	• जीवनीपरक पाठ र भाषिक सिप विकास • जीवनीपरक पाठ शिक्षणका साधन र प्रयोग • जीवनीपरक पाठका क्रियाकलाप र समालोचनात्मक सिपको उपयोग (अनुमान, संरचना, प्रश्न निर्माण, प्रश्नोत्तर, विषयबोध, घटना पहिचान, घटना वर्णन, सारांश वर्णन, व्यक्तिवृत्त वर्णन, अनुकरण लेखन)	१
५	निबन्धात्मक पाठ	• निबन्धात्मक पाठ र भाषिक सिप विकास • निबन्धात्मक पाठ शिक्षणका साधन र प्रयोग • निबन्धात्मक पाठका क्रियाकलाप (अनुमान, संरचना, प्रश्न निर्माण, प्रश्नोत्तर, विषयवस्तुबोध, बुँदाटिपोट र सारांश, अनुच्छेद रचना र निबन्ध लेखन)	२
६	रूपक	• रूपक पाठ (संवाद, मनोवाद, एकाङ्की, वक्तृता र वादविवाद) र भाषिक सिप विकास • रूपक पाठ शिक्षणका साधन र प्रयोग • रूपक पाठका क्रियाकलाप र समालोचनात्मक सिपको उपयोग (भूमिका निर्वाह, अभिनय, अनुकरण, अन्तरसंवाद, संरचना, प्रश्न निर्माण, प्रश्नोत्तर, तार्किकता)	२
७	व्यावहारिक लेखन	• व्यावहारिक लेखन (चिठी, निवेदन, शुभकामना, निमन्त्रणा, विज्ञापन, फाराम, समवेदना, सूचना, समाचारलगायत) • व्यावहारिक लेखन शिक्षणका साधन र प्रयोग • संरचना, ढाँचा र शैलीसहित लेखन अभ्यास	३
८	भाषिक संरचना र वर्णविन्यास	• ध्वनि सचेतीकरण (ध्वनियोग र विच्छेद, ध्वनिलोप, ध्वनि थप, फरक ध्वनि, लययुक्त ध्वनि र अक्षरीकरण)	३

		• वर्णविन्यास, शब्दनिर्माण र वाक्यान्तरण शिक्षण	
९	सिर्जना र परियोजना कार्य	• अनुकरणात्मक लेखन • निर्देशित र स्वतन्त्र लेखन • भाषा सिकाइ र खोजको संयोजन • परियोजनामा आधारित सिकाइको अभ्यास र प्रस्तुति	२
१०	कक्षाकोठा व्यवस्थापन	• समावेशी अवधारणामा आधारित कक्षाकोठा व्यवस्थापन • कक्षाकोठाको भौतिक व्यवस्थापन, शैक्षणिक सामग्रीको व्यवस्थापन, छापामय कक्षाकोठा, स्वस्थ मनोसामाजिक व्यवहार विकास • द्विभाषिक तथा बहुभाषिक कक्षामा भाषाशिक्षणका समस्या र समाधान • भाषा अनुवाद, पूर्णशारीरिक क्रिया, सम्प्रेषणात्मक र प्रकार्यात्मक शिक्षण विधिको उपयोग • सम्प्रेषणात्मक कक्षाकोठाको निर्माणमा सहकार्य र समूहको व्यवस्थापन	२
११	भाषाशिक्षणमा मूल्याङ्कन	• निरन्तर वा सुधारात्मक र निदानात्मक मूल्याङ्कन र भाषासिकाइ • आन्तरिक मूल्याङ्कनका साधन र अभ्यास	२
१२	पेसागत विकास	• भाषा शिक्षकका पेसागत विकासका मूलभूत पक्ष (व्यक्तिगत र पेसागत गुणहरू) • भाषाशिक्षकका पठन संस्कृति, जीवनपर्यनत सिकाइका पक्षहरू • शिक्षार्थीमा आधारित रणनीति र भाषा सिकाइ ➢ स्वनिर्देशित सिकाइ रणनीति ➢ सिकाइ अभिप्रेरणाका मूल पक्षहरू ➢ भाषिक वातावरणको निर्माण र सिकाइ ➢ भाषासिकाइमा शिक्षार्थीकेन्द्री क्रियाकलापको चयन र प्रयोग	२
१३	सूक्ष्म शिक्षण	• सूक्ष्म शिक्षणको योजना निर्माण (तालिममा	३

	अभ्यास	सहजीकरण गरिएका विषयवस्तुअनुसार) • सूक्ष्म शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान	
१४	विविध	• उद्घाटन, समापन • पूर्वपरीक्षा, पश्चपरीक्षा • परियोजना कार्यको अभिमुखीकरण	२
	जम्मा सत्र		३०

नोट: प्रत्येक सत्र १ घन्टा ३० मिनेटको हुने छ ।

६ तालिम कार्यान्वयन कार्यविधि

- यस तालिमको लक्षित समूहका सम्बन्धमा विगतमा दुई ओटा १० दिने टिपिडी मोड्युल पूरा गरेका अथवा तालिम अप्राप्त स्थायी शिक्षकलाई एक महिने तालिमको पूरक कोर्सका रूपमा यस तालिममा सहभागी हुन योग्य मानिने छ ।
- तालिमको अन्त्यमा शिक्षकको पेसागत विकास प्रारुप, २०७२ अनुसार परीक्षा सञ्चालन र शैक्षिक जनशक्ति विकास परिषद्को मिति २०७४/०५/०६ गतेको निर्णयबमोजिम प्रमाणीकरण गरिने छ । तालिमको अन्त्यमा सम्बन्धित शिक्षा तालिम केन्द्रबाट प्रमाणपत्र प्रदान गरिने छ ।
- स्वाध्याय अभ्यास खण्डका लागि तोकिएको परियोजना कार्य सम्पादन गर्ने क्रममा सन्दर्भ सामग्री अध्ययन, विज्ञसँगको परामर्श तथा प्रतिवेदन लेखन गर्नु मूलत: प्रत्येक प्रशिक्षार्थीको निजी दायित्व हुने छ । यस कार्यका लागि प्रशिक्षार्थीलाई आवश्यक परेमा इमेल वा फोनमार्फत वा प्रत्यक्ष भेट गरी सम्बन्धित प्रशिक्षकबाट मार्गदर्शन प्राप्त गर्ने सुविधा उपलब्ध हुने छ ।
- तालिम सहजीकरण गर्दा देहायअनुसारका न्यूनतम विधिगत मापदण्ड पूरा गर्नुपर्ने छ:

• शिक्षा तालिम केन्द्रका विज्ञ प्रशिक्षकबाट तालिम सेसन सञ्चालन गरिने छ।

विषयको प्रकृतिअनुसार यस विषयका क्षेत्रमा लामो अनुभव भएका व्यक्ति तथा सम्बन्धित निकायका पदाधिकारीलाई प्रशिक्षक बनाउन सकिने छ।

- सूचना तथा सञ्चार प्रविधि तथा सान्दर्भिक तालिम सामग्री प्रयोग गर्दै छलफल, अन्तरक्रिया, अनुभव, घटना वा मामला अध्ययन, समूह कार्य तथा प्रस्तुति, स्थलगत भ्रमणलगायतका विधिको अवलम्बन गरिने छ ।
- तालिमका क्रममा तोकिएको तालिम प्याकेजलगायतका सन्दर्भ सामग्री प्रत्येक सहभागीलाई वितरण गरिने छ ।

७ तालिम मूल्याङ्कन

क. तालिम सम्पन्न गरेपछि प्रशिक्षार्थीको उपलब्धि मूल्याङ्कन गर्न देहायअनुसारका मूल्याङ्कन अङ्गगत अङ्कभार अनुसरण गर्नुपर्ने छः

क्र.स.	मूल्याङ्नका आधार	अङ्क भार
१	नियमितता, सहभागिता र सक्रियता	५
२	सिर्जनात्मक तथा प्रवर्तनात्मक कार्य	१०
३	लिखित परीक्षा	२५
४	स्वाध्याय अभ्यासअन्तर्गत ओटा परियोजना कार्य (२.५*४)	१०
	जम्मा	५०

- प्रत्येक अङ्गको उत्तीर्णाङ्क ५० प्रतिशत हुने छ ।

ग्रेडिङ पद्धति

- ९० प्रतिशत र सोभन्दा माथि अङ्क आएमा विशिष्टतासहित प्रथम श्रेणी
- ८० प्रतिशत र सोभन्दा माथि अङ्क आएमा प्रथम श्रेणी
- ६५ प्रतिशत र सोभन्दा माथि अङ्क आएमा द्वितीय श्रेणी
- ५० प्रतिशत र सोभन्दा माथि अङ्क आएमा तृतीय श्रेणी
- ५० प्रतिशतभन्दा तलको अङ्क आएमा अनुत्तीर्ण वा असफल

ख लिखित परीक्षाका प्रश्नपत्र निर्माण गर्दा देहायअनुसारको ग्रिड अवलम्बन गर्नुपर्ने छ:

ग्रिड तालिका

क्र.स.	प्रश्नको प्रकार	प्रश्न सङ्ख्या	प्रतिप्रश्न अङ्कभार	पूर्णाङ्क
१	बहुवैकल्पिक	१०	०.५	५
२	सङ्क्षिप्त उत्तरात्मक	५	३	१५
३	समस्यामूलक	१	५	५
	जम्मा	१६	-	२५

८ परियोजना कार्य

तालिम कार्यशाला खण्ड सम्पन्न गरेपछि सञ्चालन गरिने दोस्रो स्वाध्याय अभ्यास खण्डमा प्रत्येक प्रशिक्षार्थीले देहायअनुसारको विशिष्टीकरण मापदण्डबमोजिम परियोजना कार्य सम्पादन गर्नुपर्ने छ ।

परियोजना कार्य

स्वाध्याय अभ्यास खण्डका लागि विद्यालयमा आधारित परियोजना कार्यहरू निर्धारण गरिएका छन् ।परियोजना १ र परियोजना २ अनिवार्य रहेका र बाँकीमध्ये दुई ओटा गरी जम्मा चार ओटा परियोजना कार्य सबै सहभागीले सम्पादन गर्नुपर्ने छ । प्रत्येक परियोजनाको परिणामका (Output) रुपमा प्रत्येक प्रशिक्षार्थीले प्रतिवेदन स्वरुपको अलग अलग प्रतिवेदन दस्तावेज शिक्षा तालिम केन्द्रसमक्ष अनिवार्य रूपमा पेस गर्नुपर्ने छ :

परियोजना कार्य १: पाठयोजनामा आधारित शिक्षण अभ्यास

- फरक फरक १० ओटा पाठहरूको पाठयोजना तयारी गर्ने
- प्रत्येक पाठयोजनाका आधारमा शैक्षिक सामग्री विकास गर्ने
- प्रधानाध्यापकबाट सबै पाठयोजना प्रमाणित गर्ने
- पाठयोजनाका आधारमा कार्यतालिकाबद्ध शिक्षण अभ्यास गर्ने
- प्रत्येक पाठ शिक्षणपछि विद्यार्थीको पृष्ठपोषण सङ्कलन गर्ने
- परिमार्जित पाठयोजना अन्तिमीकरण गर्ने

नोटः यस कार्यअन्तर्गत अन्य परियोजना कार्यले नसमेटेका विषयवस्तु शिक्षणका लागि मात्र पाठयोजना तयार गर्ने

परियोजना कार्य २: कार्यमूलक अनुसन्धान

- शिक्षकले आफ्नो कार्यसम्पादन सुधारका लागि कुनै एउटा विषय क्षेत्रमा Kurt Lewin द्वारा प्रतिपादित निम्न लिखित चक्रअनुसार कार्यमूलक अनुसन्धान गरी सोको प्रतिवेदन तयार पार्ने



परियोजना कार्य ३: कक्षाकोठा व्यवस्थापन

- विद्यार्थीहरूलाई (लिङ्ग, क्षेत्र, जातजाति, भाषा, धर्म, फरक क्षमता आदिका आधारमा) समावेशी समूहमा विभाजन गर्ने
- दिइएका विषयवस्तुमा केन्द्रित रही समूहगत छलफल गर्न र निष्कर्ष तयार पार्न निर्देश गर्ने
- यसका लागि पाठ्यपुस्तकमा दिइएका अभ्यासको उपयोग गर्ने
- समूहमा भएको छलफलको अवलोकन गर्ने र आवश्यक सहजीकरण गर्ने
- छलफलबाट प्राप्त निष्कर्ष समूहगत रूपमा प्रस्तुत गर्न लगाउने
- विद्यार्थीलाई समावेशी समूहमा बसी काम गर्दाका अनुभव प्रस्तुत गर्न लगाउने
- समावेशी समूहमा बसी समूह कार्य गर्दा विद्यार्थीमा देखिएका व्यावहारिक परिवर्तन समेटी प्रतिवेदन तयार गर्ने

परियोजना कार्य ४: आन्तरिक मूल्याङ्कन

- पाठ्यक्रमले निर्देश गरेअनुसार कक्षा ९ र १० को आन्तरिक मूल्याङ्कनका

आधारहरूको तालिकीकरण गर्ने

- ती आधारमध्ये सिर्जनात्मक लेखन, परियोजना कार्य तथा प्रस्तुतीकरणका लागि कुनै एउटा पाठको अभ्यासमा केन्द्रित रही सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्ने
- उक्त क्रियाकलापले विद्यार्थीको सिकाइमा आएको परिवर्तन समेटी प्रतिवेदन तयार गर्ने

परियोजना कार्य ५: भाषिक प्रकार्य

- नेपाली भाषा पाठ्यक्रम (कक्षा ९ र १०) को भाषिक प्रकार्यअन्तर्गत समेटिएका विषयवस्तुहरूको सूची तयार पार्ने
- भाषिक प्रकार्य खण्डमा समेटिएका सन्दर्भहरूमध्ये कुनै पाँचओटा सन्दर्भसँग सम्बनिधत विषयवस्तुलाई सिकाइ सहजीकरण गराउनका लागि सङ्क्षिप्त योजना (उद्देश्य र क्रियाकलापमा मात्र) तयार पार्ने
- योजनाअनुसार सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्ने र त्यसबाट प्राप्त अनुभवलाई आत्ममूल्याङ्कनसहितको टिपोट तयार पार्ने
- माथिका क्रियाकलाप र अनुभवका आधारमा नेपाली भाषा पाठ्ययपुस्तक (कक्षा ९ र १०) मा भाषिक प्रकार्य समावेश गर्नुका कारण उल्लेख गरी भाषिक प्रकार्यको मर्म/अवधारणाको व्यावहारिक पक्षलाई टिपोट गर्ने

ΩΩΩ